# इडाहो कानुनी सहयोग सेवा

# शरणार्थीहरूको निम्ति जानकारीः यात्रा ऋण

## यात्रा ऋण तथ्यहरू

- यात्रा ऋण शरणार्थीहरूलाई संयुक्त राष्ट्र अमेरिका जाने यात्रा खर्च तिर्न बिना व्याजको ऋण हो।
- संयुक्त राष्ट्र अमेरिका सरकारले देशान्तरणको निम्ति अन्तर्राष्ट्रिय सगंठन (IOM)लाई शरणार्थीहरूको यात्रा खर्च बेहोर्न कोष उपलब्ध गराउँछ।
- तपाईं आइपुग्नु भएको छ महिना पछि मात्रै यात्रा ऋण चुक्ता गर्न शुरू हुनेछ।
- तपाईको यात्रा ऋण चुक्ता गरिए संयुक्त राष्ट्र अमेरिकाले अन्य शरणार्थीहरूलाई ऋण उपलब्ध गराउने क्रम जारी राख्नेछ।
- यदि तपाईंले काम पाउन सक्नुभएन या बेकारी हुनुभए अनि मासिक यात्रा ऋण तिर्न सक्नुभएन भने, तपाईंले आस्थागन (परिवर्तन)–को निम्ति या मासिक भुक्तान कम गर्न आवेदन गर्न सक्नुहुनेछ।
- यदि तपाईं स्थायी विकलांग भए, साना टुहुरा नानीहरूको निम्ति ऋण लिनुभए, मृत परिवारको सदस्य भए, दिवालिया भए या घरेलु हिंसाको शिकार हुनुभएमा तपाईंले माफी माग्न सक्नु हुनेछ।
- तपाईंको पुर्नस्थापन संस्थाको संग्रह विभागसँग सम्पर्क राख्नुहोस् अनि तपाईंको ऋण तिर्न असक्षम हुनु भएमा आस्थागनको निम्ति या माफी गरिमाग्न निवेदन टक्राउनुहोस्। यदि तपाईंको ऋण तिर्न बाँकी रहे, यसलाई IOMलाई या राज्यको विभागलाई पुन संग्रहको निम्ति फिर्ता दिन सकिनेछ।

**कसरी यात्रा ऋण माफ गर्ने आवेदन गर्ने**

यदि तपाईं नावालिग टुहुरा, स्थायी विकलांग, मृत परिवारको सदस्य, घरेलु हिसां या हिंसाको शिकार भए, या दिवालिया भएको दर्ज गरे, IOMलाई तपाईंको यात्रा ऋण माफ गरि माग्न सक्नुहुनेछ।

***स्थाथी विकलागं?***

यदि तपाईं स्थायी विकलांग हुनु भए अनि काम गर्न नसक्ने भए IOMलाई यात्रा ऋण माफी गरि माग्न सक्नुहुनेछ।

**तपाईंको आवेदन पत्रसंग पठाउनु पर्नेहरूः**

- यदि तपाईंले SSI पाउनु हुँदैछ भने तपाईँको SSI प्रदान पत्र पठाउनु पर्नेछ।
- तपाईंको प्राथमिक स्वास्थ्य चिकित्सकबाट तपाईं स्थायी रूपमा विकलांग भएको तथा काम गर्न नसक्ने रहेको पत्र अनि
- ILAS वेब साइटमा भएको आय व्ययको विवरण

*परिवारका सदस्यको मृत्यु भएको हो?*

यस देशमा आएपछि यदि परिवारको कुनै सदस्यको मृत्यु भएमा, IOMलाई त्यस परिवारको सदस्यको यात्रा ऋण माफी गर्न बिन्ति गर्न सक्नु हुनेछ।

**तपाईंको पत्रसंग पठाउनु पर्ने कुराहरूः**

- मृत्यु प्रमाण पत्र;
- ILAS वेब साइटमा भएको आय व्ययको विवरण

*नाबालिग टुहुरा?*

यदि तपाईं नावालिग टुहुरा हुनुहुन्छ भने तपाईंको यात्रा ऋण माफ गरि माग्न IOMलाई विन्ति गर्न सक्नु हुनेछ।

- ILAS वेब साइटमा भएको आय व्ययको विवरण

*दिवाला भएको?*

यदि तपाईंले दिवाला भएको फाइल गर्नु भएको छ भने तपाईंले IOMलाई यात्रा ऋण माफी गरि माग्न विन्ति गर्न सक्नु हुनेछ।

**तपाईंको आवेदन पत्रसंग पठाउनु पर्नेहरूः**

- दिवालाको निम्ति स्वैच्छिक आवेदन
- ILAS वेब साइटमा भएको आय व्ययको विवरण

*घरेलु हिसां या हिंसाको शिकार भएको?*

यदि तपाईं घरेलु हिसां या हिसांको शिकार हुनुभए IOMलाई तपाईंको यात्रा ऋण माफ गरिमाग्न विन्ति गर्न सक्नुहुन्छ ।

**तपाईंको आवेदन पत्रसंग पठाउनु पर्नेहरूः**

- कुप्रयोग या हिंसा भएको समर्थन गर्ने विवरण
- ILAS वेब साइटमा भएको आय व्ययको विवरण

**आस्थागनको निम्ति कसरी आवेदन गर्ने?**

यदि तपाईं आर्थिक चपेटमा पर्नुभएको छ भने IOMलाई तपाईंको मासिक तिर्नुपर्ने रकमको भुक्तान आस्थागन अनि सम्भाव्य छुट या कमीको निम्ति आवदेन टक्राउन सक्नुहुनेछ।

**तपाईंको आवेदन पत्रसंग पठाउनु पर्नेहरूः**

- ILAS वेब साइटमा भएको आय व्ययको विवरण
- ILAS वेब साइटमा भएको IOM बजट फारम भर्नुहोस्।

*आवेदन पत्र म कहाँ पाउनेछु?*

निम्नबाट एक नमूना पत्र आफैले भर्न र **Certified mail** बाटपठाउन प्राप्त गर्नुहोस्।

इडाहो लिगल एड सर्विसेस, इन्काब्लक
वेब ठेगानाः www.idaholegalaid.org
३१० एन० ५औ स्ट्रीट
बोइस, आइ०डी० ८३७०२
२०८-३४५-०१०६

या

४७५ पोक सुट ४
ट्वीव फल्स आइ०डी० ८३३०१
२०८-७३४-७०२४

क्याथोलिक च्यारिटिस अफ इडाहो
४००२ डब्ल्यू-इमरेल्ड
बोइस, आइ०डी०८३७०६
२०८-३४५-६०३१

*मेरो बिन्ति पत्र मैले कहाँ पठाउनु?*

**सबै निवेदन पठाउने ठेगानाः**

इन्टरनेशनल अर्गनाइजेशन फर माइग्रेशन
एटन्शनः ब्राइन ग्राहम
२ एकज्येक्यूटिभ सर्कल, सुट २४०
इर्भिन,सी०ए० ९२६१४

तपाईंको **"Certified mail, return receipt requested"** पत्र पठाउनुहोस्। यस पद्धतिमा डाकघरले सहायता गर्न सक्नेछन्।

तपाईंको रेर्कडको निम्ति पत्र अनि सहयोगी सहायक दस्तावेजको प्रतिलिपि राख्नुहोस्।

यदि तपाईंको आवेदनको कुनै प्रत्युत्तर पाउनु भएन भने या तपाईंको मासिक बीलले कुनै परिवर्तन प्रतिफलित नगरे माथिको ठेगानामा IOM –का ब्रेन ग्राहमसँग सम्पर्क गर्नुहोस्।

**थप यात्रा ऋण सूचना**

- IOMले प्रतिज्ञात्मक नोट्स वितरण गर्ने समयमा भएको हरदर यात्रा खर्चको आधारमा वितरण गर्छ।
- तपाईंले सही गर्ने समयमा तपाइँको यात्रा ऋण तपाईंको भाषामा अनुदित हुनुपर्छ।
- सबै शरणार्थीहरूलाई ऋण चुक्ता गर्ने अनि व्यक्तिगत अनि घरेलु बजट तैयार गर्ने सम्बन्धमा तपाईंको पुर्नवास संस्थाले अभिविन्यास अनि व्याखा गरेको पक्का गर्नुपर्छ।
- यदि तपाईंले यात्रा ऋण तिर्न नसक्नु भए तपाईंको पुर्नवास संस्थाले सहयोगको माग कसरी गर्नुपर्ने बारे सूचनाको प्रबन्ध गर्नुपर्नेछ। कसरी ऋण माफ गर्ने या कम गर्ने आवेदन टक्राउन पर्ने, सो उनीहरूले बताउनुपर्नेछ।
- यदि तपाईंलाई ऋण माफ गर्न या कम गर्न बिन्ति कसरी चड़ाउन पर्ने बताइएन भने IOMले तपाईंको प्रसिद्धि रिपोर्ट संशोधन गर्नपर्नेछ।
- यदि तपाईंको नतिरेको यात्रा ऋणले तपाईंको प्रसिद्धिमा उल्टो असर पारे यो ऋणात्मक रिपोर्ट विरूद्ध तर्क खड़ा गर्ने विकल्प तपाईंलाई प्राप्त हुनेछ।
- www.annualcreditreport.com - ले वर्षमा एकचोटि निःशुल्क प्रसिद्धि रिपोर्टको अनुमति दिन्छ। प्रत्येक वर्ष तपाईंको प्रसिद्धि रिपोर्ट अनि नतिरेको यात्रा ऋणको कारण ऋणात्मक रिपोर्टको विवाद जाँच गर्ने तपाईंलाई सुझाव दिइन्छ।

***बिन्ति पत्रको नमूना***

सन्दर्भःनामः..................................
परदेशी संख्याः...................

प्रिय श्रीमान ग्राहाम,

म मेरो ठूलो पारिवारीक कठिनाइ/आसाधारण आर्थीक अवस्था/अयोग्यता/दिवाला/घरेलु हिंसा/मृत्युको कारण मेरो शरणार्थी यात्रा ऋण माफी माग्न/कम गरिदिने अनुरोध गर्छु ।

मलाई मेरो वास्तविक गरिएको यात्रा खर्चको प्रमाण दस्तावेज उपलब्ध गराएर ऋणको रहल रकम तोकिएको अनि लिइरहेको ऋणको रकम जाँच गर्ने अनुरोध पनि म गर्छु । यी अनुरोध टक्राउदा तपाईंले कथित रूपमा तोक्नु भएको ऋणको वैद्यता म स्वीकार गर्दिन अनि स्थानीय, राज्य, संघीय अनि अन्तर्राष्ट्रिय कानुन अन्तर्गत विवाद उत्पन्न गर्नु, रद्ध गर्नु, विरूद्धमा खड़ा हुनु या यस ऋणलाई चुनौति दिनु सबै अधिकार र अवसरहरू मलाई प्राप्त छ भन्ने याद राख्नुहोस्।
म अनि मेरो परिवारले यस पत्रमा खामीएको आय–व्ययको कार्यपत्रले प्रमाणगरे अनुसार खतराजनक कठिनाइ अहिले अनुभव गरिरहेका छौं।
यहाँ माथि उल्लेख गरिएको यात्रा ऋणको बाँकी रकम कम गर्ने या मासिक रकम परिवर्तन गर्ने म अनुरोध गर्दछु। तपाईंले ऋण हेरफेर गरेको या परिवर्तन गरेको लिखित सूचना मलाई सोझै पठाउनुहोस्। नत्र भने यस मामलाबारे वादविवाद गर्न मलाई या मेरो प्रतिनिधिसँग सम्पर्क गर्नुहोस्।

***अथवा***

................ को अयोग्यता/ मृत्यु या घरेलु हिंसाको कारण माथि उल्लेख्य रहल यात्रा ऋणको सम्पूर्ण अंश पूर्णरूपमा माफ गरिदिने अनुरोध गर्दछु। यस पत्रसंग अयोग्यता/ विकलांग/ मृत्यु/ घरेलु हिसां/ हिंसा/ नावालिग टुहुरा अवस्थाको जाँच विवरण खामिएकोछ। स्मरण गर्नुहोस् यो प्रतिउत्तर दिंदा कथित रूपमा भन्नुभएको ऋणलाई म स्वीकार गर्दिन अनि स्थानिय, राज्य संघीय अनि अन्तर्राष्ट्रिय कानुन अन्तर्गत विवाद उत्पन्न गर्नु, रद्ध गर्नु, विरूद्धमा खड़ा हुनु या यस ऋणलाई चुनौति दिनु जस्ता अधिकार अनि अवसरहरू मलाई उपलब्ध छ ।
तपाईंले ऋण कम गरेको या माफ गरेको जानकारीबारे लिखित सूचना मलाई सोझै उपलब्ध गराउनुहोस्। नत्र मलाई या मेरो प्रतिनिधि............... लाई यो विषयमा बातचित गर्न सम्पर्क गर्नुहोस्।

--------------------